


# अपराध अनुसन्धान

## ई-बुलेटिन

बर्ष ४, अंक १०, माघ (मासिक)




**प्रहरी प्रधान कार्यालय**

**अपराध अनुसन्धान विभाग**

"वस्तुनिष्ठ अपराध अनुसन्धान मानव अधिकारको सम्मान"

**प्रमुख सल्लाहकार**
प्र.अ.म.नि. प्रद्युम्न कुमार कार्की

**सल्लाहकार**
प्र.ना.म.नि. राजेश कुमार लाल कर्ण
प्र.ब.उ. चन्द्र कुवेर खापुङ

**सम्पादक मण्डल**
प्र.नि. सबिता के.सी.
प्र.ना.नि. गणेश बहादुर थिङ
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत

**संकलन**
प्र.ना.नि. शैलेश खड्का
प्र.ना.नि. सन्देश थापा
प्र.स.नि. धन बहादुर लामिछाने

**ले-आउट/ग्राफिक्स**
प्र.स.नि. भुवन तिमिल्सैना

# विषय सूची

| | |
|---|---|
| विभागीय गतिविधि | १ – २ |
| मासिक अपराध तथ्याङ्क | ३ – ५ |
| प्रहरी सेवा प्रवाह | ५ – ७ |
| खोजतलास तथा समन्वय | ७ – ८ |
| अपराध अनुसन्धानमा सहायता प्रदान सम्बन्धी | ८ – ९ |
| अपराध समाचार | १० – १३ |
| उत्कृष्ट अनुसन्धान | १४ |

# विभागीय गतिविधि

## नेपाल प्रहरीको अर्ध-वार्षिक कार्य प्रगति समीक्षा कार्यक्रम सम्पन्न



*काठमाडौं, १० माघ*

प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीको उपस्थितिमा नेपाल प्रहरीको आ.व. २०७८/०७९ को अर्धवार्षिक कार्य प्रगति समीक्षा कार्यक्रम प्रहरी प्रधान कार्यालयमा भर्चुअल रुपमा सम्पन्न भएको छ।

कार्यक्रममा प्रहरी महानिरीक्षक थापा क्षेत्रीले प्रहरीको सकृयताका कारण फैसला कार्यान्वयन, जघन्य अपराध, तस्करी नियन्त्रण तथा अनुसन्धानका क्षेत्रमा सकारात्मक प्रगति भएको तथ्याङकले देखाएको चर्चा गर्दै सवारी दुर्घटना, लैंगिक हिंसाका घटनाहरुको न्यूनिकरण तथा अनुसन्धान एवम् हिरासत व्यवस्थापनमा अझ संवेदनशील तथा गम्भीरताका साथ परिचालन हुनुपर्नेमा जोड दिनुभयो । नागरिक सेवा एवम् मुलुकमा शान्ति सुव्यवस्था कायम गर्दै वस्तुनिष्ठ अपराध अनुसन्धान गर्न तथा कोभिड-१९ महामारीको समयमा समेत प्रहरी कर्मचारी विचलित नभई कार्य सम्पादन गर्न भर्चुअल रुपमा उपस्थित सबै प्रदेश प्रहरी कार्यालयका प्रमुखहरुलाई निर्देशन दिनुभयो।

पीडितले समयमै न्यायको आभाष गर्न सकेको अवस्थामा प्रहरी प्रतिको उनीहरुको भरोसा बढेर जाने भएकोले त्यसप्रति संवेदनशील भई कार्य गर्नुपर्ने बताउँदै प्रहरी महानिरीक्षक थापा क्षेत्रीले मुद्दाको अनुसन्धान पश्चात अदालतमा गर्नुपर्ने बकपत्रको बिषय समेत अत्यन्तै संवेदनशील हुने भएकोले त्यसप्रति सचेत भई कार्य सम्पादन गर्नुपर्ने बताउनु भयो।

कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश अनुसार काम कारवाही गर्न गराउन उल्लेख गर्दै प्रहरी महानिरीक्षक थापा क्षेत्रीले कोभिड-१९ को जोखिम न्यूनिकरण तथा रोकथामको लागि सबै प्रहरी कर्मचारीहरु थप क्रियाशिल हुनुपर्ने बताउनु भयो।

समीक्षा कार्यक्रममा महानगरीय प्रहरी कार्यालय रानीपोखरीका प्रतिनिधि, सात वटै प्रदेश प्रहरी कार्यालयका प्रमुख तथा प्रतिनिधिहरुले भर्चुअल रुपमा उपस्थित भई शान्ति सुरक्षाको प्रभावकारी व्यवस्थापन र सुधार, प्रभावकारी अपराध अनुसन्धान तथा प्रविधियुक्त अनुसन्धान प्रणाली विकास, ट्राफिक व्यवस्थापन सुधार, आर्थिक अनुशासन र पारदर्शिता, गुनासो व्यवस्थापन, भौतिक पूर्वाधार र स्रोत साधनको व्यवस्थापन, मानवस्रोतको व्यवस्थापन प्रणाली विकास, नागरिक केन्द्रीत प्रहरी सेवा प्रवाहमा सुदृढीकरण, मानव अधिकार संरक्षण र सम्वर्द्धन, सुरक्षा निकाय तथा अन्य निकायहरुको समन्वयमा प्रभावकारिता, विपद् व्यवस्थापन क्षमता अभिवृद्धि, नविनतम् कार्यको सुरुवात तथा कार्यान्वयन र अन्य उल्लेखनीय प्रयास तथा उपलब्धी बारे सम्पन्न भएका कार्यहरु सम्बन्धी प्रस्तुतीकरण गर्नु भएको थियो ।

कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी नायव महानिरीक्षक, वरिष्ठ प्रहरी अधिकृतहरु लगायत प्रहरी कर्मचारीहरुको उपस्थितिको साथै सात वटै प्रदेश प्रहरी कार्यालयका प्रमुखहरू तथा प्रतिनिधिको भर्चुअल उपस्थिति रहेको थियो।

## प्रविधिमैत्री र सुविधा सम्पन्न प्रहरी भवन निर्माण गर्दै लगिने - प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्री




*गोरखा, १६ माघ*

प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीले आगामी दिनमा प्रविधिमैत्री एवम् सुविधा सम्पन्न प्रहरी भवनहरु निर्माण गर्दै लैजाने प्रहरी संगठनको नीतिलाई कार्यान्वयन गर्दै लगिने बताउनु भएको छ।

जिल्ला प्रहरी कार्यालय गोरखा परिसरमा नव निर्मित कार्यालय भवन, हिरासत, कार्यालय प्रमुख निवास, प्रहरी कर्मचारीहरुको लागि व्यारेक भवन, मेस भवन र सिनियर अधिकृत आवास भवनको आयोजित एक कार्यक्रम बीच उद्घाटन गर्दै प्रहरी महानिरीक्षक थापा क्षेत्रीले उक्त कुरा बताउनु भएको हो।

प्रहरी महानिरीक्षक थापा क्षेत्रीले नवनिर्मित भवनहरुको प्रयोग गरी प्रहरी कर्मचारीबाट गुणस्तरीय प्रहरी सेवा सञ्चालन गर्न सहज हुने अपेक्षा व्यक्त गर्नुभयो । प्रतिकूलताको बिचमा अनुकूलता ल्याउने मुख्य दायित्व प्रहरीको भएकोले आम नागरिकलाई पारदर्शी र प्रभावकारी प्रहरी सेवा प्रदान गर्न उपस्थित प्रहरी कर्मचारीहरुलाई उहाँले निर्देशन दिनुभयो।

प्रहरी महानिरीक्षक थापा क्षेत्रीले तल्लो तहका प्रहरी कर्मचारीहरुको वृत्ति विकास र सुविधालाई बिशेष ख्याल गरेर लैजाने प्रतिबद्धता व्यक्त गर्दै ऐतिहासिक जिल्ला गोरखामा कार्यरत प्रहरी कर्मचारीहरुबाट गुणस्तरीय प्रहरी सेवा सहित प्रहरी पेशालाई मर्यादित र स्वाभिमानको पेशाको रुपमा अंगिकार गर्नुपर्ने तथा नागरिकहरुबाट पनि प्रहरी कार्यमा सहयोग र समन्वय गर्न आवश्यक भएको उल्लेख गर्नुभयो।

सो अवसरमा प्रहरी महानिरीक्षक थापा क्षेत्रीले २०१२ सालमा नेपाल प्रहरीमा सेवा प्रवेश गरी ३३ वर्ष सेवा पूरा गरी अवकाश प्राप्त पूर्व प्रहरी नायव निरीक्षक ८६ वर्षीय नारायण भक्त अर्याललाई दोसल्ला ओढाई सम्मान गर्नुका साथै भवन निर्माण कार्यमा सहयोग पुऱ्याउने जिल्ला समन्वय समितिको कार्यालय गोरखा, गोरखा नगरपालिकाको कार्यालय गोरखा र रोयल कन्सट्रक्सन धनगढी कैलालीलाई कदरपत्र प्रदान गर्नुभयो।

गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराका प्रमुख प्रहरी नायव महानिरीक्षक दिवेश लोहनीले कार्यक्रममा धन्यवाद ज्ञापन गर्दै गुणस्तरीय प्रहरी सेवा प्रदान गर्नका लागि प्रहरीको भौतिक संरचना विस्तार गर्दै लैजानु पर्ने आवश्यकता रहेको बताउनु भयो।

गोरखा जिल्लाका प्रमुख जिल्ला अधिकारी शंकर हरि आचार्य, गोरखा नगरपालिकाका प्रमुख राजन राज पन्त र नेपाल पत्रकार महासंघ गोरखा शाखाका अध्यक्ष नरहरि सापकोटाले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा जिल्ला प्रहरी कार्यालय गोरखाका प्रमुख प्रहरी उपरीक्षक शेखर खनालले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

उक्त कार्यक्रममा प्राविधिक प्रहरी नायव उपरीक्षक केविनजंग थापाले भवन निर्माण सम्बन्धी प्रतिवेदन प्रस्तुत गर्दै नेपाल सरकारको कूल ९ करोड २५ लाख ९३ हजार ४ सय ६२ रुपैयाँ ९४ पैसाको लागतमा उक्त भवनहरुको निर्माण कार्य सम्पन्न भएको जानकारी दिनु भयो ।

उद्घाटन कार्यक्रम पश्चात प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीले जिल्ला प्रहरी कार्यालय गोरखा तथा मातहत कार्यालयमा कार्यरत प्रहरी अधिकृत तथा जवानहरुलाई समसामयिक बिषयमा निर्देशन दिँदै प्रहरी पेशालाई मर्यादित बनाउँदै आफ्नो व्यावसायिक वृत्ति विकासलाई समेत बिशेष ख्याल गरी नागरिकहरुलाई मुस्कान सहितको छिटो छरितो र गुणस्तरीय प्रहरी सेवा प्रदान गर्न प्रतिबद्ध हुनुपर्ने बताउनुभयो ।

## चेलिबेटी बेच-बिखन सम्बन्धी सचेतना जगाउने कर्कलो कोक्याउला गीतको अडियो भिडियो हस्तान्तरण



*काठमाडौं, १७ माघ*

शुभ मिडियाहोम प्रालिले तयार गरेको हरिवंश आचार्यको शब्द, संगीत र स्वरमा चेलीबेटी बेच-बिखन सम्बन्धी सचेतना जगाउने'कर्कलो कोक्याउला'बोलको अडियो भिडियो गीत प्रहरी प्रधान कार्यालयलाई प्रदान गरिएको छ ।

उक्त श्रव्य दृश्य सामग्री प्रहरी प्रधान कार्यालयमा एक कार्यक्रमका बीच प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीलाई वरिष्ठ हास्य कलाकार हरिवंश आचार्यले हस्तान्तरण गर्नुभएको हो ।



समाजमा विभिन्न खालका परिवर्तित शैलीबाट चेलीबेटी बेच-बिखनका घटनाक्रमहरू भइरहेका छन् । गरिबी बेरोजगारी तथा अपेक्षाकृत जीवन व्यतीत गर्ने सपनाकै कारण चेलीबेटीहरू बेचिने कार्य हाम्रो देशमा लामो समयदेखि भइराखेको छ । यस सन्दर्भमा समाजमा सचेतना अभिवृद्धि गरी मानब बेच-बिखनका घटनाहरू रोकथाम तथा नियन्त्रण गर्ने उद्देश्यले यस श्रव्य दृश्य सामग्रीलाई प्रहरी कार्यालयहरुले आ-आफ्ना कार्यालय तथा समुदाय प्रहरी साझेदारी कार्यक्रमहरूमा व्यापक रुपमा प्रचार प्रसार गर्नेछन् ।

हस्तान्तरण कार्यक्रममा शुभ मिडिया होम प्रालिका अध्यक्ष सरोज ओली एवं नेपाल प्रहरीका वरिष्ठ अधिकृतहरू समेतको उपस्थिति रहेको थियो ।

## राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगंजको ६६ औं वार्षिकोत्सव कार्यक्रम सम्पन्न




*काठमाडौं, २८ माघ*

प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीको प्रमुख आतिथ्यमा एक समारोह बीच राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगंजको ६६औं वार्षिकोत्सव कार्यक्रम सम्पन्न भएको छ ।

सो अवसरमा प्रहरी महानिरीक्षक थापा क्षेत्रीले अनवरत रुपमा उक्त प्रतिष्ठान र अपराध अनुसन्धान विद्यालयमा सेवारत रही घटनास्थल अनुसन्धान अधिकृत तालिम र अनुसन्धानात्मक अन्तर्वार्ता तालिमको थालनी एवं नेपाल प्रहरीको प्रशिक्षण विकासमा विशेष योगदान पुर्‍याउनु हुने अवकाश प्राप्त प्रहरी उपरीक्षक जयबिष्णु नेपालीलाई'लाईफ टाइम एचिभमेन्ट अवार्ड' प्रदान गर्नुभयो । सोही अवसरमा उहाँले राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगंजद्वारा प्रकाशित 'प्रेरणा-२०७८' को लोकार्पण समेत गर्नुभयो ।


समारोहमा प्रहरी महानिरीक्षक थापा क्षेत्रीले साइबर युगको वर्तमान अवस्थामा साइबर युगलाई अभ्यास गर्ने गरी अपराध अनुसन्धानको पद्धतिलाई विकास गर्नुपर्ने बताउनुभयो । नेपाल प्रहरीले प्रशिक्षण पद्धतिमा परम्परागत प्रणालीको साथै आधुनिकतालाई पनि सम्बोधन गर्ने किसिमले प्रविधिप्रति दक्ष जनशक्ति उत्पादनका लागि आवश्यक पर्ने पाठ्यक्रम तथा पाठ्य सामग्रीहरु निर्माण गर्नुपर्ने उल्लेख गर्नुभयो । प्रहरीले सर्वसाधरणलाई गर्नुपर्ने व्यवहारलाई मानवोचित बनाउन प्रशिक्षणका दौरान मानवोचित धर्म र कर्मलाई कसरी अक्षुण राख्ने भनि प्रशिक्षण दिनुपर्ने उहाँले उल्लेख गर्नुभयो ।

उक्त अवसरमा प्रतिष्ठानका कार्यकारी निर्देशक प्रहरी अतिरिक्त महानिरीक्षक निरज बहादुर शाहीले धन्यवाद ज्ञापन व्यक्त गर्दै वर्तमान अवस्थामा वैकल्पिक प्रशिक्षण विधि तथा प्रशिक्षणमा प्रविधिको प्रयोग हेतू प्रतिष्ठानले यस आर्थिक वर्षदेखि नेपाल प्रहरीको तालिम क्यालेण्डरमा नै राखी अनलाईन तालिमहरू सञ्चालन गरेको जानकारी दिनुभयो ।


सोही प्रतिष्ठानका निर्देशक प्रहरी नायव महानिरीक्षक डा. देब बहादुर बोहराले स्वागत मन्तव्य व्यक्त गर्नुभएको समारोहमा पिजिडिपिएस कार्यक्रमका सल्लाहकार प्रा.डा. राजीव विक्रम राणा, प्रहरी अतिरिक्त महानिरीक्षकहरु, प्रहरी नायव महानिरीक्षकहरु, वरिष्ठ प्रहरी अधिकृतहरु, सशस्त्र प्रहरी बल कमाण्ड तथा स्टाफ कलेजका सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक, नेपाल प्रहरी श्रीमती संघका पदाधिकारीहरु, विभिन्न प्रशिक्षण संस्थाका प्रतिनिधिहरु लगायत प्रहरी अधिकृतहरुको उपस्थिति रहेको थियो ।

# मासिक अपराध तथ्याङ्क


## काठमाडौ उपत्यका तथा प्रदेशहरुको माघ महिनाको अपराध तथ्याङ्क प्रस्तुति




## त्रैमासिक मुद्दा दर्ता संख्या (मंसिर- माघ)




## त्रैमासिक उपत्यका तथा प्रदेशगत मुद्दा दर्ता संख्या (मंसिर- माघ)





## माघ महिनाको अदालती फैसला कार्यान्वयन तर्फको फरार अभियुक्तको पक्राउ सम्बन्धी विवरण

| | कार्यालय | कुल पक्राउ संख्या | कैद | जरिवाना |
|---|---|---|---|---|
| १ | महानगरीय प्रहरी कार्यालय, रानीपोखरी | २० | २ वर्ष ९ महिना २२ दिन | रु.१,२१,७९,६६१।- |
| २ | १ नं. प्रदेश प्रहरी कार्यालय, विराटनगर | ३६ | २७ वर्ष २ महिना २९ दिन | रु.३,४४,६७८।- |
| ३ | २ नं. प्रदेश प्रहरी कार्यालय, जनकपुर | ७२ | २२ वर्ष ६ महिना १० दिन | रु.८,२२,२८७।- |
| ४ | बाग्मती प्रदेश प्रहरी कार्यालय, हेटौडा | ४८ | १०८ वर्ष ४ महिना २० दिन | रु.७७,१४,४९०।- |
| ५ | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | ३२ | ८ वर्ष ८ महिना २४ दिन | रु.३,९७,६२५।- |
| ६ | लुम्बिनी प्रदेश प्रहरी कार्यालय दाङ, | २७ | ४६ वर्ष १० महिना ६ दिन | रु.७,०३,१९७।- |
| ७ | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | ३० | ६१ वर्ष १ महिना १० दिन | रु.४,९३,७१०।- |
| ८ | सुदूर पश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी | ७ | ३ वर्ष २ महिना १५ दिन | रु.६,२००।- |
| ९ | केन्द्रीय अनुसन्धान व्यूरो, महाराजगञ्ज | ५ | १८ दिन | रु.८०,७२,३७७।- |
| | **जम्मा** | २७७ जना | २८० वर्ष ११ महिना ४ दिन | रु.३,०७,३४,२२५।- |

## माघ महिनाको लागू औषध कारोबारमा संलग्न व्यक्ति पक्राउ तथा मुद्दा संख्या




## पुस र माघ महिनाको लागू औषध कारोबारमा संलग्न व्यक्ति पक्राउ संख्या





# प्रहरी सेवा प्रवाह

## माघ महिनामा प्रहरी चारित्रिक प्रमाणपत्रका लागि अपराध अभिलेख चेकजाँच सम्बन्धी विवरण




# सामुदायिक प्रहरी गतिविधि

**माघ महिनामा सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरिका समुदाय-प्रहरी साझेदार र सामुदायिक प्रहरी सेवा केन्द्रहरूद्वारा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रम एवम् गतिविधिहरु : (गृह प्रशासन सुधार कार्ययोजना २०७४, बुँदा नं. ३७ कार्यक्रमहरू)**




**माघ महिनामा गृह प्रशासन सुधार कार्ययोजना २०७४, बुँदा नं. ७६ कार्यक्रमहरू" लागू औषध दुर्व्यसन रोक्न सीमा क्षेत्र र स्थान विशेष अभियान सञ्चालन"**



# आसरा सुधार केन्द्र

## माघ महिनाको लागु औषध सेवनकर्ता उपचार विवरण


| सि.नं. | विवरण | भर्ना संख्या | डिस्चार्ज संख्या | उपचाररत संख्या |
|---|---|---|---|---|
| १ | आसरा सुधार केन्द्र, रानीबारी | १८ जना | २४ जना | ११४ जना |
| २ | महिला आसरा सुधार केन्द्र, तिलगंगा | २ जना | ३ जना | ८ जना |

## माघ महिनामा नेपालमा रहेका बिदेशी नागरिकहरुको विवरण


| सि.न. | कार्य बिबरण | संख्या |
|---|---|---|
| १ | बिदेशी नागरिकहरूको मृत्यु | ४ जना |
| २ | बिदेशी नागरिकहरूको पक्राउ | ६ जना |
| ३ | नेपालको बिभिन्न क्षेत्रमा ट्रेकिङ गएका बिदेशी नागरिकहरुको बिबरण | ६०३ जना |

# खोजतलास तथा समन्वय

## माघ महिनामा हराएका, फेला परेका तथा खोजतलास जारी बालबालिकाहरुको विवरण



## माघ महिनामा वेवारिसे फेला परेका मध्ये पारिवारिक पुनर्मिलन, बालगृहमा रहेका बालबालिका सम्बन्धी विवरण




# अपराध अनुसन्धानमा सहायता प्रदान

## साईबर ब्युरो


- माघ महिनामा २५० वटा निवेदन प्राप्त भएकोमा २४९ वटा अघिल्लो महिनाको समेत गरि फछ्र्यौट भएको र अन्य अनुसन्धानका क्रममा रहेको ।
- बिद्युतिय कारोवार ऐन, २०६३ अन्तर्गत ६ वटा मुद्धा दर्ता गरिएको ।

## डिजिटल फरेन्सिक ल्याव

- DFL शाखाबाट माघ महिना भित्र बिभिन्न १२ वटा मुद्दा शिर्षक (ठगी, कर्तव्य ज्यान, आत्महत्या, आत्महत्या दुरुत्साहन, बिद्युतीय कारोबार, मानव वेचविखन, लागु औषध, डाँका चोरी, खोटाचलन, बहुविवाह, ज्यान सम्बन्धी कसुर, लिखत कसुर) अन्तर्गत ७३ वटा मुद्दाको ३३५ वटा सबुदहरु परिक्षण गरीएको ।

## दुरसंचार समन्वय शाखा

माघ महिनामा अपराध अनुसन्धानको सिलसिलामा प्रहरी ईकाईहरु तथा संघिय प्रहरी इकाई कार्यालयहरुबाट माग भई आएका Operational Data हरु दूरसंचार सेवा प्रदायक संस्थाहरु संग Co-ordination गरी निम्नानुसारको संख्यामा समयमै सम्बन्धित कार्यालयहरुलाई उपलब्ध गराईएको।





## केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला, सामाखुशी

- २०७८/१०/०२ गते देखि ऐ २८ गते सम्म विभिन्न जिल्लाहरुबाट परीक्षणको लागी ६९४ केशहरु र ४२७९ नमुनाहरु प्राप्त भएकोमा नयाँ र पुरानो पेण्डिङ केशहरु समेत गरी ६५५ केश परीक्षण गरिएको।
- AFIS मा १३९४ Data Entry भएको।

## केनाईन महाशाखा,महाराजगञ्ज





# अपराध समाचार

## कर्तव्य ज्यान सम्बन्धी

### अपहरण तथा कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी पक्राउ

*बाँके, २३ माघ*

अपहरण तथा कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी नेपालगंज उपमहानगरपालिका-१० भृकुटीनगर बस्ने ३० वर्षीय सौभाग्य मल्ललाई १० वर्ष पछि प्रहरीले पक्राउ गरेको छ।

नेपालगंज उपमहानगरपालिका-१ पारिजात मार्ग बस्ने २१ वर्षीय हिमाल बुढालाई २०६७ माघ ३ गते अपहरण गरी बन्धक बनाई मारेको घटनामा फरार रहेका उनी गोरखामा लुकिछिपी बसेको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले जिल्ला प्रहरी कार्यालय गोरखासँगको समन्वयमा उनलाई पक्राउ गरेको हो।

उनलाई आवश्यक कारबाहीको लागि जिल्ला अदालत बाँकेमा बुझाइएको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ।

### हत्यामा संलग्न थप २ जना फरार अभियुक्तहरू पक्राउ

*मोरङ, २२ माघ*

धनपालथान गाउँपालिका-७ स्थित उखुबारीमा २ जनाको शव फेला परेको घटनामा संलग्न थप २ जना फरार अभियुक्तहरूलाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरुमा रंगेली नगरपालिका-३ आमतोला बस्ने ३३ वर्षीय मोहमद सुभाम र सुनसरी देवान्गन्ज गाउँपालिका-६ जिरोगौवा बस्ने १८ वर्षीय किशोर रहेका छन्।

धनपालथान गाउँपालिका-७ स्थित उखुबारीमा माघ १२ गते सप्तरी शम्भुनाथ नगरपालिका-४ बस्ने ३२ वर्षीय शम्भु कुमार चौधरी र माघ १३ गते सुनसरी धरान उपमहानगरपालिका-३ घर भएका ४८ वर्षीय राजेन्द्र कुमार श्रेष्ठ समेतको हत्या गरी गाडिएको अवस्थामा शव फेला परेको थियो।

यस सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ।

### हत्या गरेको अभियोगमा पक्राउ

*रोल्पा, ५ माघ*

आफ्नै श्रीमान ४५ वर्षीय काले पुन मगरको ढुङ्गा प्रहार गरी हत्या गरेको अभियोगमा सुनछहरी गाउँपालिका-६ झिरवाङ वस्ने ४१ वर्षीया मिना पुन मगरलाई प्रहरीले पक्राउ गरेको छ। मिनाले आफ्नै श्रीमानलाई ढुङ्गा प्रहार गरी हत्या गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी जेलवाङबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

*सुनसरी, ८ माघ*

आफ्नै श्रीमती ३० वर्षीया चन्द्रकला उराउलाई धारिलो हतियार तरवार प्रहार गरी हत्या गरेको अभियोगमा भोक्राहा नरसिंह गाउँपालिका-१ उराउ टोल बस्ने ३२ वर्षीय लालु प्रसाद उराउलाई प्रहरीले पक्राउ गरेको छ।

लालुले आफ्नै श्रीमतीलाई तरवार प्रहार गर्दा घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी भोक्राहा, ईलाका प्रहरी कार्यालय लौकही र जिल्ला प्रहरी कार्यालय सुनसरीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## बैंकिङ कसूर सम्बन्धी

### बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ

*काठमाडौं, १४ माघ*

बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी काठमाडौं बुढानिलकण्ठ नगरपालिका-७ बस्ने बाजुरा बुढीनन्दा नगरपालिका-१ ठेगाना भएका ४४ वर्षीय बिष्णु बहादुर कार्कीलाई प्रहरीले पक्राउ गरेको छ।

उच्च अदालत पाटनको २०७७ माघ ६ गतेको फैसलाले बैंकिङ कसूर मुद्दामा ७ दिन कैद र २७ लाख रुपैयाँ जरिवाना, जिल्ला अदालत काठमाडौंको २०६० पुस १० गतेको फैसलाले बैदेशिक रोजगार मुद्दामा ३ वर्ष कैद र २ लाख ५० हजार रुपैयाँ जरिवाना, बैकिङ कसूर मुद्दामा १ वर्ष कैद र १ लाख ६९ हजार रुपैयाँ जरिवाना र बैंकिङ कसूर मुद्दामा १ वर्ष कैद र ३० हजार रुपैयाँ जरिवाना ठहर भई फरार रहेका उनलाई महानगरीय अपराध महाशाखाबाट खटिएको प्रहरीले काठमाडौं बुढानिलकण्ठबाट पक्राउ गरेको हो। साथै उनले बिभिन्न ब्यक्तिहरुलाई एयरलाईन्समा पाईलटको जागिर लगाईदिन्छु, डिमाण्ड ड्राफ्ट बनाई दिन्छु लगायतका बहानामा ठगी समेत गरेको अनुसन्धानबाट खुल्न आएको छ। उनलाई आवश्यक कारवाहीको लागी जिल्ला अदालत काठमाडौं पठाइएको उक्त महाशाखाले जनाएको छ।

*काठमाडौं, १५ माघ*

बैंकिङ कसूरका फरार प्रतिवादी काठमाडौं महानगरपालिका-१० बानेश्वर बस्ने धनुषा जनकपुरधाम उप-महानगरपालिका-८ घर भएका ४९ वर्षीय कमल कुमार सिंहलाई प्रहरीले पक्राउ गरेको छ।

सिंहले बिभिन्न ब्यक्तिहरूलाई प्रलोभनमा पारी साझेदारीमा जग्गा/जमिन खरिद गर्ने, ब्यापार ब्यवसाय सञ्चालन गर्ने भनी झुक्यानमा पारी लिएको रकममध्ये एकजनालाई ६०लाख रुपैयाँ फिर्ता गर्ने क्रममा चेक जारी गरेकोमा बैंकबाट चेक बाउन्स भएपश्चात फरार रहेका उनलाई महानगरीय प्रहरी परिसर काठमाडौंबाट खटिएको प्रहरीले काठमाडौं महानगरपालिका-३२ काँडाघारीबाट पक्राउ गरेको हो।

साथै सिंहले अर्का एकजना पीडितलाई समेत यस्तै प्रकारले दिएको ६१ लाख रूपैयाँको बैंक चेक बाउन्स भई उच्च अदालत पाटन ललितपुरको २०७७ पुस १५ गतेको आदेशले १५ लाख धरौटी माग हुँदा तत्काल बुझाउन नसकी उनी डिल्लीबजार कारागारमा गएको अनुसन्धानको क्रममा खुल्न आएको छ। उनी उपर उच्च अदालत पाटन ललितपुरबाट ७ दिन म्याद अनुमति लिई थप अनुसन्धान भइरहेको महानगरीय प्रहरी परिसर काठमाडौंले जनाएको छ।

*काठमाडौं, २५ माघ*

बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी टोखा नगरपालिका-३ धनेश्वर बस्ने नुवाकोट विदुर नगरपालिका-११ स्थायी वतन भएकी ४१ वर्षीया अम्बिका बुढाथोकीलाई प्रहरीले पक्राउ गरेको छ।

बैंकिङ कसूर मुद्दामा उच्च अदालत पाटनको २०७८ कात्तिक २३ गतेको फैसलाले १७ लाख ४२ हजार ८ सय ७७ रुपैयाँ जरिवाना र ६ दिन कैद सजाय ठहर भई फरार रहेकी उनलाई प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगञ्जबाट खटिएको प्रहरीले ललितपुर भैसेपाटीबाट फेला पारी पक्राउ गरेको हो। उनले आफ्नो खातामा पर्याप्त मौज्दात रकम नभएको भन्ने जानी जानी पीडितलाई सिद्धार्थ बैंक लिमिटेडको शाखा कार्यालय धनेश्वर काठमाडौंमा रहेको उनको खाताबाट रकम भुक्तान हुनेगरी चेक दिएको ठहर गरी अदालतले उक्त फैसला गरेको थियो। उनलाई फैसला

कार्यान्वयनको लागि जिल्ला अदालत ललितपुरमा पेश गरिएको उक्त ब्यूरोले जनाएको छ।

# यौन जन्य अपराध

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*बर्दिया, २ माघ*

१४ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा गुलरिया नगरपालिका-६ स्थित खाजा घरमा काम गर्ने जाजरकोट शिवालय गाउँपालिका-७ घर भएका ३० वर्षीय जनक शाहीलाई प्रहरीले पक्राउ गरेको छ।

शाहीले ती किशोरीलाई जबरजस्ती करणी गरेको भनि जानकारी प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय बर्दियाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

*पर्सा, ११ माघ*

१५ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा वीरगंज महानगरपालिका-२३ सबैठवा बस्ने २० वर्षीय भनु यादव भन्ने मुन्ना प्रसाद यादवलाई प्रहरीले पक्राउ गरेको छ। यादवले ती किशोरीलाई डरत्रास देखाई अनुचित प्रभाव र दबाबमा पारी आफ्नै घरमा लगि पटक-पटक जबरजस्ती करणी गरेको भन्ने जानकारी प्राप्त हुनासाथ खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। उनी उपर जबरजस्ती करणी मुद्दामा जिल्ला अदालत पर्साबाट ६ दिन म्याद थप गरी अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

*झापा, १३ माघ*

झापा, ५ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा बिर्तामोड नगरपालिका-२ चैतुवारीस्थित प्रदिप इँटा भट्टामा काम गर्ने सर्लाही बरथवा नगरपालिका-२ हजरिया घर भएका ३८ वर्षीय गंगा मगरलाई प्रहरीले पक्राउ गरेको छ। मगरले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

*बर्दिया, १८ माघ*

१३ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा ठाकुरबाबा नगरपालिका-६ बस्ने ४१ मनिराम थारुलाई प्रहरीले पक्राउ गरेको छ। थारुले ती बालिकालाई गत बैशाख २७ गते घरमा एक्लै भएको अवस्थामा डरत्रास देखाई जबरजस्ती करणी गर्नुका साथै बालिकालाई गर्भवती समेत बनाएको भन्ने खबर माघ १६ गते प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय बर्दियाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। उनी उपर जबरजस्ती करणी सम्बन्धी कसूरमा जिल्ला अदालत बर्दियाबाट म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बर्दियाले जनाएको छ।

*मोरङ, २० माघ*

१२ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा सुन्दरहरैँचा नगरपालिका-५ बाँसबारी बस्ने ५३ वर्षीय रामदेव चौधरीलाई प्रहरीले पक्राउ गरेको छ। चौधरीले ती बालिकालाई ललाई फकाई घर नजिकैको बाँसघारीमा लगेर जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी गछियाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

*बर्दिया, २७ माघ*

१२ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा बासगढी नगरपालिका-४ अस्नेरी बस्ने २९ वर्षीय वीर बहादुर रोकालाई प्रहरीले पक्राउ गरेको छ।

रोकाले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय मोतिपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

# लागू औषध सम्बन्धी

## अवैध लागू औषध ब्राउन सुगर जस्तो पदार्थ सहित पक्राउ

*बाँके, ४ माघ*

कोहलपुर नगरपालिका-११ बस्ने बिरेन्द्र थारुको घरबाट ५ सय ९० मिलिग्राम अवैध लागू औषध ब्राउनसुगर जस्तो देखिने धुलो पदार्थ सहित ४ जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरुमा बैजनाथ गाउँपालिका-३ बस्ने ६४ वर्षीय रामचरण थारु, २५ वर्षीय सुरज थारु,२७ वर्षीय ध्रुव कुमार थारु र ३६ वर्षीय सुन्दर राम थारु रहेका छन्।

बिरेन्द्र थारुको घरमा लागू औषध ब्राउनसुगरको कारोबार भइरहेको भन्ने सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय कोहलपुरबाट खटिएको प्रहरीले तलासी गर्दा उनीहरुलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

*सुर्खेत, ८ माघ*

सुर्खेत, बीरेन्द्रनगर नगरपालिका-८ सिमलचोक बस्ने २४ वर्षीयईश्वर राना लगायत ३ जनालाई करिब ८ सय ५० मिलिग्राम ब्राउनसुगर जस्तो देखिने धुलो पदार्थ सहित प्रहरीले पक्राउ गरेको छ। कर्णाली प्रदेश प्रहरी कार्यालय लागू औषध ब्यूरो र जिल्ला प्रहरी कार्यालय सुर्खेतबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो।

## अवैध लागू औषध गाँजा सहित पक्राउ

*भक्तपुर, १ माघ*

भक्तपुर, सूर्यविनायक नगरपालिका-८ बस्ने ५८ वर्षीया प्रिती तामाङ र सोही ठाउँ बस्ने ५२ वर्षीय खड्ग बहादुर तामाङलाई ५२ किलो ९ सय ७६ ग्राम अवैध लागू औषध गाँजा सहित प्रहरीले पक्राउ गरेको छ। सोही नगरपालिका-५ भेलुखेल बस्ने ३७ वर्षीय लक्ष्मी नारायण देउलालाई सोही नगरपालिका-७ खसिबजार पुल हाउस नजिकबाट ५६ ग्राम अवैध लागू औषध गाँजा सहित प्रहरीले पक्राउ गरी थप अनुसन्धानको क्रममा प्रितीको साथबाट ४८ किलो ४ सय ५० ग्राम र खड्ग बहादुरको साथबाट ४ किलो ५ सय २६ ग्राम अवैध लागूऔषध गाँजा सहित फेला पारी दुवै जनालाई पक्राउ गरेको हो।

*मकवानपुर, १८ माघ*

मकवानपुर, राक्सिराङ गाउँपालिका-५ चैनपुर बगरस्थित चैनपुर मनहरी सडकबाट करिब १ क्विनटल १० केजी अवैध लागू औषध गाँजा सहित राक्सिराङ गाउँपालिका-५ बस्ने ३६ वर्षीय राम कुमार प्रजालाई प्रहरीले पक्राउ गरेको छ। ठाडेचुरीबाट घट्टे खोलातर्फ जाँदै गरेका ४/५ जना मानिसहरु पिठ्युमा बोरा बोकी हिँडिरहेको अवस्थामा ईलाका प्रहरी कार्यालय मनहरीबाट खटिएको गस्ती टोलीलाई देख्ना साथ पिठ्युमा बोकेको बोरा फाली भाग्न खोज्दा उनीहरु मध्ये रामकुमारलाई नियन्त्रणमा लिई बोरा जाँच गर्दा उक्त परिमाणको लागूऔषध फेला परेको हो। हाल फरार अन्य

व्यक्तिहरुको प्रहरीले खोजी गरिरहेको छ । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## अवैध लागू औषध चरेश सहित सहित पक्राउ

*कञ्चनपुर, ११ माघ*

कञ्चनपुर, कृष्णपुर नगरपालिका-६ मौरीफाटा बस्ने ३१ वर्षीय रमेश लुहारलाई करिब ३ सय ६० ग्राम अवैध लागूऔषध चरेश सहित प्रहरीले पक्राउ गरेको छ । लुहारको घरमा लागू औषध कारोबार भइरहेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय गुलरियाबाट खटिएको प्रहरीले उनको घरमा लुकाई राखेकोउक्त चरेश फेला पारी उनलाई पक्राउ गरेको हो ।

## अवैध लागू औषध खैरो हेरोईन जस्तो पदार्थ सहित पक्राउ

*कञ्चनपुर, ५ माघ*

कञ्चनपुर, बेलौरी नगरपालिका-६ बुटाबारीबाट करिब ७ ग्राम ५८ मिलिग्राम अवैध लागूऔषध खैरो हेरोईन जस्तो देखिने पदार्थ सहित कैलाली धनगढी उपमहानगरपालिका-२ बस्ने ३३ वर्षीय  राजेश स्वारलाई प्रहरीले पक्राउ गरेको  छ । से.५ प ८७४८ नम्बरको मोटरसाइकललाई ईलाका प्रहरी कार्यालय बेलौरीबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उक्त पदार्थ सहित फेला पारी उनलाई पक्राउ गरेको हो ।

# अन्य अपराध

## सुन जस्तो देखिने धातु सहित पक्राउ

*कास्की, २ माघ*

पोखरा महानगरपालिका-३० पावर हाउस चोकबाट करिब १६ तोला बराबरको सुन जस्तो देखिने धातुको ३ थान सिक्री सहित बागलुङ गैरागाउँ बस्ने २० वर्षीय अमर बिकलाई प्रहरीले पक्राउ गरेको छ ।

काठमाडौंबाट पोखरातर्फ जादै गरेको ग.१ ख ५५६४ नम्बरको बसलाई वडा प्रहरी कार्यालय गंगनगौडाबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा बसमा सवार बिकलाई उक्त परिमाणको धातु सहित फेला पारी पक्राउ गरेको हो ।

यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## वन्यजन्तु चितुवाको छाला, दाँत र विभिन्न हातहतियार सहित पक्राउ

*पोखरा, ७ माघ*



पोखरा महानगरपालिका-२२ पुम्दि भुम्दी बस्ने २८ वर्षीय खो बहादुर थापालाई वन्यजन्तु चितुवाको जस्तो देखिने छाला, दाँत र विभिन्न हातहतियार सहित प्रहरीले पक्राउ गरेको छ ।

थापाले अवैध रुपमा वन्यजन्तुको छाला घरमा लुकाई राखेको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय कास्कीबाट खटिएको प्रहरीले उनको घर तलासी गर्दा चितुवाको जस्तो देखिने छाला १ थान, २ वटा दाह्रा सहितको दाँतको भागको टुक्रा १ थान र दुई नाले कार्तुस बन्दुक १ थान , सोही बन्दुकमा लाग्ने प्रयोग भइसकेको खालि खोका ४५ थान, धातुका छर्रा १ सय ९१ थान, बारुद ३ सय १५ ग्राम, धातुका सानो छर्रा १ सय ५० ग्राम, छर्रा बनाउन प्रयोग हुने सिसाको धातुको विभिन्न आकारको डल्लो पदार्थ २ किलो ९ सय ५ ग्राम र सानो पटाका रहेको रातो रंगको पत्ता १ थान सहित फेला पारी उनलाई पक्राउ गरेको हो ।

उनीहरु उपर जिल्ला अदालत कास्कीबाट हातहतियार तथा खरखजाना सम्बन्धी कसूरमा ७ दिन म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय कास्कीले जनाएको छ ।

## संरक्षित वन्यजन्तु भालुको पित्त सहित पक्राउ

*काठमाडौं, २८ माघ*



टोखा नगरपालिका-९ आनन्द टोल नजिकबाट २ सय ४० ग्राम तौल भएको संरक्षित वन्यजन्तु भालुको पित्त (आखेटोपहार) जस्तो देखिने १ थान बस्तु सहित लमजुङ दोर्दी गाउँपालिका-८ खिन्चोक बस्ने ३५ वर्षीय मन बहादुर सिलुवाल क्षेत्रीलाई प्रहरीले पक्राउ गरेको छ ।

टोखा नगरपालिका-९ क्षेत्रमा संरक्षित वन्यजन्तुको आखेटोपहार अवैध रुपमा ओसारपसार तथा बेचबिखन गर्न लागेको भन्ने विशेष सूचनाको आधारमा केन्द्रीय अनुसन्धान ब्यूरोबाट खटिएको प्रहरीले उनलाई उक्त बस्तु सहित फेला पारी पक्राउ गरेको हो ।

उनलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि डिभिजन वन कार्यालय हात्तीसार  काठमाडौं पठाइएको केन्द्रीय अनुसन्धान ब्यूरोले जनाएको छ ।

## कस्तुरीको बिना सहित पक्राउ

*जाजरकोट, २ माघ*



नलगाड नगरपालिका-११ चौखा बजारबाट १ थान कस्तुरीको बिना जस्तो देखिने बस्तु सहित सोही नगरपालिका-१० ध्यारगाउँ बस्ने ४५ वर्षीय दिल्ली बहादुर ध्यारलाई प्रहरीले पक्राउ गरेको छ ।

ध्यारले कस्तुरीको बिना साथमा लिई हिँडिरहेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय रगदाबाट खटिएको प्रहरीले उनलाई उक्त बस्तु सहित फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## पुरातात्विक महत्वका सामग्रीहरु चोरी गरेको अभियोगमा पक्राउ

*काठमाडौं, ६ माघ*

पुरातात्विक महत्वका सामग्रीहरु चोरी गरेको अभियोगमा २ जनालाई काठमाडौं महानगरपालिका-२६ केशरमहलबाट प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा काठमाडौं बसुन्धरा बस्ने दाङ तुल्सिपुर उपमहानगरपालिका-३ ठेगाना भएका १८ वर्षीय किशोर र काठमाडौं केशरमहल बस्ने रुकुम पश्चिम मुसिकोट नगरपालिका-११ घर भएका ३६ वर्षीय बीर बहादुर सुनार रहेका छन् ।

२०७२ सालको बिनाशकारी भूकम्पले क्षतिग्रस्त भई प्रबलिकरणको कार्य भइरहेको केशरमहल भित्र केशर पुस्तकालयको ठुलो कोठाभित्र संकलन गरी राखिएको पुरातात्विक महत्वको अस्थाई रूपमा

सूचिकरण गरिएको बाघको टाउकोको नम्बर २६, २ थान तरवार समेत चोरी भएको घटनाको अनुसन्धानको क्रममा महानगरीय अपराध महाशाखाबाट खटिएको प्रहरीले काठमाडौं महानगरपालिका-२६ केशरमहलमा बोरामा राखी फालेको अवस्थामा २ थान तरवार र ३ किलो तौल भएको बाघको टाउको जस्तो देखिने १ थान बस्तु फेला पारेको थियो। थप अनुसन्धानको क्रममा उक्त सामग्रीहरु चोरी कार्यमा संलग्नमध्ये उनीहरुलाई प्रहरीले पक्राउ गरेको हो । उनीहरुलाई थप अनुसन्धानका लागि महानगरीय प्रहरी वृत्त दरबारमार्ग काठमाडौं पठाइएको तथा चोरीमा संलग्न हाल फरार अन्य व्यक्तिहरुको समेत खोजी भइरहेको उक्त महाशाखाले जनाएको छ।

## बिद्युतीय कारोवार ऐन अन्तर्गतको कसूरमा संलग्न फरार व्यक्ति पक्राउ

*काठमाडौं, १४ माघ*

बिद्युतीय कारोवार ऐन, २०६३ अन्तर्गतको कसूरमा संलग्न रही फरार रहेको अभियोगमा कास्की रुपा गाउँपालिका-७ सिस्नेरी बस्ने ३१ वर्षीय मुक्ति खनाल भन्ने मुक्तिनाथ खनाललाई प्रहरीले पक्राउ गरेको छ।

खनाललाई बैदेशिक रोजगारबाट फर्कने क्रममा महानगरीय प्रहरी बिमानस्थल सुरक्षा कार्यालय एयरपोर्टको समन्वयमा प्रहरी प्रधान कार्यालय साइबर ब्यूरो भोटाहिटीबाट खटिएको प्रहरीले पक्राउ गरेको हो।

खानलले बैदेशिक रोजगारमा रहँदा सामाजिक सञ्जाल फेसबुक मार्फत पीडित महिलासँग म्यासेन्जरमा कुराकानी गर्ने क्रममा ललाई फकाई, धाक धम्की डर त्रास र प्रलोभनमा पारी दु:ख हैरानी दिई पीडितको नग्न तस्वीर / भिडियो प्राप्त गरी निजको श्रीमान् लगायत अन्य आफन्तजनमा सार्वजनिक गरी दिने भनि ब्ल्याकमेल गरेको कसूरमा मुद्दा दर्ता भई फरार रहेका थिए। उनी उपर आवश्यक अनुसन्धान भइरहेको उक्त ब्यूरोले जनाएको छ।

## गुणस्तरहीन मह उत्पादन गरी बिक्री गरेको अभियोगमा पक्राउ

*काठमाडौं, ७ माघ*






मिसावट गरी गुणस्तरहीन मह उत्पादन गरी बिक्री गरेको अभियोगमा काठमाडौं महानगरपालिका-२७ ज्याठा बस्ने सिन्धुपाल्चोक ईन्द्रावती गाउँपालिका-६ घर भएका नतिजा प्याकेजिङका सञ्चालक ३८ वर्षीय नरेश श्रेष्ठ भन्ने नर बहादुर श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ।

काठमाडौं उपत्यकाको बिभिन्न स्थानहरुमा गुणस्तरहीन महको उत्पादन एवं बिक्री भइरहेको भन्ने सूचनाको आधारमा महानगरीय अपराध महाशाखा मिनभवनबाट खटिएको प्रहरीले श्रेष्ठलाई मिसावट गरी गुणस्तरहीन मह बनाइरहेको अवस्थामा गुणस्तरहीन तयारी मह ६ सय किलो, मह बनाउन प्रयोग गरिने कच्चा तथा गुणस्तरहीन मह ६ हजार ५ सय किलो, ग्लुकोज ५ सय किलो, चिनी १ सय किलो, १/१ थान तौल मेसिन, लेभल मेसिन, सिल मेसिन, पेट्राइज मेसिन, स्टोरेज मेसिन, स्पर्स हनीका लेभलहरु र १ हजार पिस पेट जार सहित फेला पारी पक्राउ गरेको हो।

श्रेष्ठले बिगत ७ वर्ष अगाडिदेखि आफ्नै श्रीमतीको नाममा नतिजा प्याकेजिङ सञ्चालन गरी गुणस्तरहीन मह बनाई बिक्री गर्ने, नतिजा प्याकेजिङको नाममा कम्पनी दर्ता गरी स्पर्स हनी नामको लेबल टाँसी बिक्री बितरण गर्ने, गुणस्तरहिन मह काठमाडौं, भक्तपुर र पोखराका होटेल, रेष्टुरेण्टहरुमा थोक तथा खुद्रा बिक्री बितरण गर्ने, मह बनाउन प्रयोग हुने कच्चा पदार्थ दाङ, नवलपरासी र चितवनबाट खरिद गरी गुणस्तरहीन मह बनाई प्रति केजी ६ सय ५० रुपैयाँमा बिक्री गर्ने गरेको बुझिएको उक्त महाशाखाले जनाएको छ। साथै उक्त स्पर्स हनी खाद्य प्रबिधि तथा गुण नियन्त्रण विभाग बबरमहल काठमाडौंमा परिक्षण गर्दा एचएमएफ र एफजी रेसियोको मात्र नेपाल सरकारको लागि तोकिएको अनिवार्य गुणस्तर अनुरुप नरहको र मह खान योग्य नरहेको भन्ने खुलेको छ ।उनलाई आवश्यक कारवाहीका लागि महानगरीय प्रहरी परिसर टेकु काठमाडौं पठाइएको उक्त महाशाखाले जनाएको छ।

## स्रोत नखुलेको रकम सहित पक्राउ

*महोत्तरी, ३ माघ*

मटिहानी नगरपालिका-८ बाट स्रोत नखुलेको नगद ३० लाख रुपैयाँ सहित सोही नगरपालिका-३ बर्दा बस्ने २३ वर्षीय सहाउदिन राईनलाई प्रहरीले पक्राउ गरेको छ। भारतबाट नेपालतर्फ आउदै गरेको ज.६ प ६९४४ नम्बरको मोटरसाइकल प्रहरी चौकी मटिहानीबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा १ हजार दरको ३० बण्डलमा रहेको उक्त रकम सहित फेला पारी उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## मानव बेचबिखनमा संलग्न रहेको अभियोगमा पक्राउ

*पर्सा, १२ माघ*

मानव बेचबिखनमा संलग्न रहेको अभियोगमा अर्घाखाँची सन्धिखर्क नगरपालिका-७ घर भई हाल चितवन भरतपुर महानगरपालिका-१ पोखरा बसपार्क बस्ने २८ वर्षीय राजु अधिकारीलाई प्रहरीले पक्राउ गरेको छ।

बैतडी घर भएकी १४ वर्षीया बालिका माघ ७ गतेदेखि घरबाट सम्पर्कबिहीन भएको घटनाको अनुसन्धान एवम् खोजतलास गर्ने क्रममा पर्सा वीरगंज महानगरपालिका-१६ स्थित शंकराचार्य गेट हुँदै भारततर्फ लैजान लागेको अवस्थामा बालिकालाई फेला पारी माइती नेपाल संस्थाको समन्वयमा प्रहरीले उद्धार गरेको थियो। साथै ती बालिकाको साथमा रहेका अधिकारीलाई तत्काल नियन्त्रणमा लिई अनुसन्धान गर्दा अधिकारीले बालिकासँग १ महिना अघिदेखि फोनमार्फत चिनजान गरी भेट्न बोलाई अर्घाखाँची लगि विवाह गर्ने भनी विभिन्न स्थान हुँदै झुक्याई वीरगंज बसपार्कसम्म ल्याई ईनर्वा नाका हुँदै भारततर्फ बेचबिखन गर्न लैजान लागेको खुल्न आएको हो। उनी उपर जिल्ला अदालत पर्साबाट ७ दिन म्याद थप अनुमति लिई मानव बेचबिखन तथा ओसारपसार कसूरमा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।



# उत्कृष्ट अनुसन्धान

## कर्तव्य ज्यान मुद्दाका अभियुक्त कारागार चलान

मिति २०७८।१०।०२ गते राति ०९:३० बजेको समयमा जिल्ला सोलुखुम्बु माप्यदुधकोशी गा.पा.वडा नं. -१ बुम्बरी स्थितमा ऐ. बस्ने जाहेरवाला छम्जी शेर्पाको बाबु वर्ष ५६ को दानुर्वु शेर्पालाई ऐ.बस्ने बर्ष ४० को ओङजी शेर्पाले बाँसको डण्डा, काठको पिर्काले प्रहार गरी कर्तव्य गरी मारेको हुँदा हदै सम्मको कानूनी कारवाही होस भन्ने समेतको जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान पश्चात निज प्रतिवादी पुर्पक्षको लागि कारागार चलान भएको।

## कर्तव्य ज्यान मुद्दाका अभियुक्त कारागार चलान

मिति २०७१।१२।०१ गते बिहान अं.०७.०० बजे जिल्ला कपिलबस्तु भिल्मी ९ हाल ऐ कृष्णनगर न पा ६ श्रीनगर गाँउ बस्ने बर्ष २१ की किसलावती चमारलाई निजको श्रीमान भारत जिल्ला सिद्धर्थनगर तहसिल नौगढ ग्राम धन्सा बस्ने वर्ष अं २३ को मुलायम भन्ने सिकन्दर चमारले कर्तव्य गरी मारी घर देखि अं. ५०० मिटर टाढा लगि खाली खेतमा परालले जलाएको अवस्थामा मृतक लाश मिति २०७१।१२।०१ गते घटना स्थलमा फेला परेको हुँदा निज प्रतिवादीलाई पक्राउ गरी कानुन बमोजिम कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको सुखराज चमारको जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान पश्चात सिकन्दर चमारलाई पुर्पक्षको लागि कारागार पठाएको।

## अपहरण, शरीर बन्धक र करणी सम्बन्धी कसुरका प्रतिवादी कारागार चलान

मिति २०७८ साल मंसिर ३ गते अं. बिहान म पीडितले प्रयोग गर्ने मोबाईलमा स्कुलको शेयर खुलेको छ नागरिकता लिएर एन.सि.सि बैंकमा आउनु भनी फोन गरेकोमा पछी सोही दिन दिउसो म २:३० बजे एन.सि.सि बैंक रोडमा पुगी निजलाई फोन गर्दा पछाडीबाट रुमालले मेरो आँखा, मुख र नाक बन्द गरी के कँहा लगे मलाई थाहा भएन मलाई बेहोस बनाई करणी गरेको रहेछ पछी होसमा आँउदा शरीरका कपडाहरु समेत खुला अवस्थामा देखी तत्काल कपडा लगाई स्कुटरमा घर गई कोठामा बस्दा म पहिला देखिनै डिप्रेसनको बिरामी भएकाले झन् बेहोस हुँदा मेरा ससुराले महाकाली अस्पतालमा उपचार गराउँदा सन्चो नभए पछी थप उपचारका लागि माया मेट्रो अस्पताल धनगढीमा गई उपचार गराउँदा ४ हप्ताको गर्भ समेत रहेकोले सोही अस्पतालमा अप्रेसन गरी उपचार गराई यो जाहेरी पेश गर्न आएकी छु उक्त मानिसको हाल पहिचान भएकोले पक्राउ गरी कानुन बमोजिम कारवाही गर्नुका साथै क्षतीपुर्ति समेत दिलाई भराई पाउँ भन्ने समेत ब्यहोराको जाहेरी दरखास्त परेकोमा सम्मानित कञ्चनपुर जिल्ला अदालतको मिति २०७८।१०।१८ गतेको आदेशले प्रतिवादी तिलक दत्त भट्टलाई पुर्पक्षका लागि कारागार चलान गरिएको ।

## जबरजस्ती करणीका अभियुक्त कारागार चलान

म जाहेरवाला परिवर्तित नाम ५१(प) चन्द्रौटाको बर्ष १३ कि छोरी परिवर्तित नाम ५१(न) चन्द्रौटा बेलुकाको खाना खाई आफ्नो घर कोठामा सुतेकोमा प्रतिवादी जिल्ला कपिलबस्तु शिवराज नगरपालिका वडा न.०४ गुलेरी बस्ने बर्ष २० को सब्बु भनि चिन्ने जाबेद मन्सुर भन्ने मो. जाबेद अख्तर धुनिया के कहाँवाट मेरो छोरी सुतेको घरको कोठामा पुगी बिबाह गर्ने प्रलोभनमा पारी जबरजस्ती करणी गरेको भनि मिति २०७८।०९।३० गते बिहान बताएको हुदाँ यसै जाहेरी दरखास्त साथ उपस्थित भएको छु निज मेरो छोरीलाई जबरजस्ती करणी गर्ने निज प्रतिवादी सब्बु भनि चिन्ने जाबेद मन्सुर भन्ने मो. जाबेद अख्तर धुनियालाई कानुन बमोजिम कारबाही गरी पाउँ भन्ने समेत ब्यहोराको परिवर्तित नाम ५१(प) चन्द्रौटाको जाहेरी दरखास्त परेकोमा सम्मानित कपिलबस्तु जिल्ला अदालत तौलिहवा कपिलबस्तुको मिति २०७८।१०।२८ गतेको आदेशले निज प्रतिवादी मो. जाबेद अख्तर धुनिया पुर्पक्षको लागि कारागार थुनामा गएको।

## जबरजस्ती करणीका अभियुक्त कारागार चलान

मिति २०७८।०९।१२ गते दिनको अं. ०५:०० बजेको समयमा मेरो नातिनी बर्ष १५ की संकेत नं ५२(४३९) घर नजिकै धनचौर स्थित सार्बजनिक बनमा घाँस काट्न भनी गएको समयमा प्रतिवादी पुठे थापा किमिचौरबाट मादक पदार्थ सेवन गरी घर तर्फ आउने क्रममा जंगलमा नातिनी एक्लै भएको मौकापारी निज भएको स्थानमा गई पछाडीबाट समाई एकान्त स्थानमा लगी भुईमा पल्टाई बोल्न कराउन नदिई निजले लगाएको सुरुवाल खोली दिई आफ्नो पाईन्ट समेत घुँडासम्म खोली आफ्नो उत्तेजित लिंग नातीनीको यौनीमा पसाई जबरजस्ती करणी गरेको हुँदा निजलाई कानुन बमोजिम सजाय गरी क्षतिपुर्ति समेत दिलाई भराई पाँउ भन्ने व्यहोराको जाहेरी दरखास्त परेकोमा सम्मानित प्यूठान जिल्ला अदालतको आदेशले प्रतिवादी पुठे थापालाई पुर्पक्षको लागि कारागार थुनामा राख्ने आदेश भएको ।

## लागू औषध खैरो हेरोईनका अभियुक्त कारागार चलान

मिति २०७८।०९।०४ गते बेलुकी २२:०० बजेको समयमा जिल्ला प्रहरी कार्यालयबाट खटिएको गस्ती टोलीले जिल्ला कञ्चनपुर भि.न.पा.४ बजार स्थित भागेश्वर ट्रेडर्स अगाडी साईकल चोरी गर्दै गरेको अबस्थामा ऐ.ऐ.१८ भगतपुर बस्ने बर्ष १८ को करन चौधरीलाई फेला पारी यस कार्यालयमा ल्याई निजलाई हिरासतमा राख्नु अगाडी चेक जाचँ गर्ने क्रममा निजले लगाएको खैरो रङको जकेटको भित्री तर्फको बाँया खल्तीमा सेतो कागजमा बेरी लुकाई छिपाई राखेको लागु औषध खैरो हेरोईन जस्तो देखिने धुलो पदार्थ फेला पारी तत्काल मान्यता प्राप्त तराजुमा राखी शुद्ध तौल गर्दा ०.७४ ग्राम रहेकोले निजलाई कानुन बमोजिम कारबाही गरी पाँउ भन्ने समेत ब्यहोराको प्रहरी प्रतिवेदनको आधारमा गरिएको अनुसन्धान पश्चात सम्मानित कञ्चनपुर जिल्ला अदालतको मिति २०७८।१०।०७ गतेको आदेशले प्रतिवादी करन चौधरीलाई ६ महिना कैद सजाय तोकी कारागार पठाएको।

# अपराध अनुसन्धान विभाग
# नागरिक सूचना इकाई द्वारा प्रकाशित
# मासिक ई-बुलेटिन

सत्य सेवा सुरक्षणम्

प्रहरी प्रधान कार्यालय
अपराध अनुसन्धान विभाग
नक्साल, काठमाडौ

E-mail: cicu@nepalpolice.gov.np, cidpiuphq@gmail.com Web: www.cid.nepalpolice.gov.np मोवाईल: ९८५१२८८१९८ फोन: ०१-४४१२७४८